# घिरिङ गाउँपालिकाको गाउँसभाको
# १८ औं अधिवेशन

## आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल

मितिः २०८२ असार १० गते

## उघिरिङ गाउँपालिका आ.व. २०८२/०८३ को

# नीति तथा कार्यक्रम

**सभा सदस्यहरू**

स्थानीय सरकार जनताको प्रत्यक्ष सरोकार राख्ने र जनचाहना अनुरूप नागरिकहरूको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रूपमा रहेकाले घिरिङ गाउँपालिका संविधानको मूकल मर्म समन्वय, सहकार्य र सहअस्तित्वलाई आत्मसाथ गर्दै नागरिकलाई केन्द्रमा राखी विभिन्न क्षेत्रमा कार्य गरिरहेको छ। घिरिङ गाउँपालिका विकास निर्माण प्रक्रियामा आफ्नो अमूल्य सहभागिता जनाई नयाँ नेपाल निर्माण तथा पूर्ण कार्यान्वयन गर्ने महान् अभियानको क्रममा हुन गइरहेको यस गाउँपालिकाको १८ औँ गरिमामय गाउँ सभामा उपस्थित हुनुहुने आदरणीय गाउँसभाका सदस्य ज्यूहरू, विषयगत शाखाका शाखा प्रमुख ज्यूहरू, सम्पूर्ण कर्मचारी मित्रहरू, पत्रकार बन्धुहरू तथा सुरक्षाकर्मीहरूमा मेरो तथा यस गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन एवम् स्वागत गर्न चाहन्छु।

घिरिङ गाउँपालिकाको अध्यक्षको हैसियतले गरिमामय सभालाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु। यस गौरवपूर्ण अवसरमा म सर्वप्रथम नेपाली जनताको स्वतन्त्रता, नागरिक सर्वोच्चता, लोकतन्त्रको स्थापना, मुलुकको समृद्धि अमनचैन प्राप्ति तथा अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलन लगायतका बलिदानीपूर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवनको प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते र बेपत्ता योद्धाहरूप्रति सम्मान प्रकट गर्छु। साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरूसहित सम्पूर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

विश्वव्यापी रूपमा झेल्नु परेको आर्थिक संकटजन्य विषम परिस्थितिमा नागरिकको जीवनयापन सहज बनाउँदै गाउँपालिकाको बृहत्तर हितको निमित्त गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय १८ औं गाउँ सभाको अधिवेशनमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। विश्वव्यापी आर्थिक संकट एवं मन्दीको प्रभावबाट प्रभावित भएको देशको अर्थतन्त्रमा परेको नकारात्मक असरलाई केही हदसम्म न्यूनीकरण गर्न घिरिङ गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटले सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा लिएको छु।

संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्यसँग तादात्म्य कायम गरी अन्तर सरकार, सहकारी, निजी क्षेत्र र नागरिक समाजसँग समन्वय, सहयोग र सहकार्यको माध्यमद्धारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ। संवैधानिक प्रावधान अनुसार समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न टेवा पुऱ्याउन सहयोग गरिनेछ।

घिरिङ गाउँपालिका

निति तथा कार्यक्रम २०८२/०८३

सम्मानित सभाका उपस्थित सभा सदस्यज्यूहरू,

अठारौं सम्मानित सभाका सदस्य ज्यूहरु एवम् हामीलाई प्रत्यक्ष प्रसारण मार्फत स्वदेश तथा विदेशबाट देखिरहनु र सुनिरहनु भएका आदरणीय महानुभावहरु; जनताको दैनिक जीवनयापन, सुखदुख र हाँसो खुसीसँग प्रत्यक्ष जोडिएको स्थानीय सरकारलाई प्राप्त हुनुपर्ने बजेटमा समेत कार्यक्रम कार्यान्वयन भइसकेपछि हुने पटक पटकको बजेट कटौती आन्तरिक स्रोतको कमी साथै समुदायको उच्च चाहाना र आकाक्षाहरु समेत रहनाले सबै एकै पटक कार्यान्वयन गर्न नसकिए पनि प्राथमिकिरण गरी क्रमशः कार्यान्वयन गर्दै लगिने व्यहोरा समेत निवेदन गर्न चाहन्छु। प्रस्तावित नीति तथा कार्यक्रम राजनैतिक दल सामुदायिक संघ संस्था, क्लब, समूह, शिक्षक, कर्मचारी, विज्ञ, बुद्धिजीवी, युवा विद्यार्थी किसान मजदुर स्वदेश र विदेशमा रहेर पनि सामाजिक संजाल मार्फत प्राप्त सुझावहरुलाई समेत आत्मसाथ गर्दै तय गरिएको छ। महत्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नुहुने आम समुदाय प्रति धन्यवाद आभार ज्ञापन गर्दछु।

नीति तथा कार्यक्रम तयार पार्दा यस गाउँपालिकाले निम्न विषय र पक्षहरूलाई आधारहरूको रूपमा लिएको व्यहोरा प्रस्तुत गर्दछु।

- नेपालको संविधान २०७२ को प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरू, स्थानीय आर्थिक कार्य प्रणालि एवं साझा अधिकार सूचि।
- संघिय सरकार तथा प्रदेश सरकारले अंगिकार गरेका, आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू
- संघिय सरकार अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरू।
- स्थानीय तहको आवधिक योजना तथा मध्यकालिन खर्च संरचनाले तय गरेका प्राथमिकताहरू।
- नेपालले अन्तराष्ट्रिय जगतमा जाहेर गरेका प्रतिबद्धताहरू।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विभिन्न नियमावलीका प्रावधानहरू।
- स्थानीय तहका क्षेत्रगत नीति, रणनितीहरू, योजना तथा अध्ययन प्रतिवेदनहरू।
- विकासका समसामयिक मुद्धाहरु, सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्ण सरसफाई, पूर्ण खोपयुक्त तथा उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु।
- घिरिङ गाउँपालिकाले आवश्यक देखेका विभिन्न बिषयहरु।
- घिरिङ गाउँपालिकाका विभिन्न गाँउ बस्तीहरुबाट माग भई आएका बिषयहरु।

माथि उल्लेखित आधारहरुमा यस आर्थिक वर्षका योजना तथा बजेट कार्यक्रम छनौट गर्न निम्न प्राथमिकताका क्षेत्रहरु तोकिएका छन्।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने।
- उत्पादनमूलक र छिटो प्रतिफल दिने।
- राजश्व परिचालनमा योगदान पुर्याउने।

- सेवा प्रवाह, संस्थागत क्षमता अभिवृद्धी र सुशासनमा योगदान पुऱ्याउने ।
- स्थानीय स्रोत साधनमा आधारित भइ जनसहभागिताको अभिवृद्धि गर्ने ।
- लैंगिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने ।
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने ।
- महिला हिंसा तथा जातीय विभेद अन्त्य गर्ने ।
- बालबिबाह तथा बालश्रम अन्त्य गर्ने ।
- सबै किसिमका कुरिती कुसंस्कार विभेदहरुको अन्त्य गर्ने ।
- समतामूलक समाजको निर्माण गर्ने
- सबै किसिमका रित्ती रिवाज चाल चलन हरुको जगेर्ना तथा संरक्षणमा योयदान पुऱ्याउने ।

**आदरणीय सभाका सदस्य ज्यूहरू:**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

नेपाल सरकारले लिएको **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा अनुरूप गाउँपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्ने र गरिबी निवारण गर्ने लक्ष्यका साथ घिरिङ गाउँपालिकाले लिएको **"कृषि, पर्यटन, ऐतिहासिक धरोहर समृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार"** को नारालाई साकार पार्न, वर्तमान अर्थतन्त्रको संकट, र अनियन्त्रित महँगीबाट नागरिकलाई सुरक्षित र सिथिल अर्थतन्त्रलाई गतिशिल बनाउन प्रस्तुत नीति तथा कार्यक्रमले निम्न कार्क्रमलाई प्राथमिकता दिने नीति लिइएको छ ।

## घिरिङ गाउँपालिका आ.व. २०८२/०८३ को लागि अवलम्बन गर्ने क्षेत्रगत नीतिहरू

❖ **आर्थिक क्षेत्र:**

**क) कृषिः**

- कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, यान्त्रकरण, व्यवसायिकरण एवम् बजारीकरणको स्पष्ट मार्गचित्र तयार गरी कार्यान्वयन ल्याईनेछ । उत्पादनदेखि बजारिकरण सम्मको कृषि ईकोसिस्टम सुधार कार्ययोजना कार्यान्वयन गरिनेछ ।
- फलफूल खेति र खाद्यान्न बालीलाई प्रवर्द्धन र विस्तार गर्न माटो सुहाउँदो भूगोल लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- किसान सूचिकरण कार्यलाई निरन्तरता दिईनेछ । किसान परिचय पत्रलाई कृषि क्षेत्रमा प्रदान गरीने सेवा सहुलियतसँग आवद्ध गरिनेछ । साना तथा सिमान्तकृत किसान लक्षित कार्यक्रम कार्यान्वनमा ल्याईनेछ ।
- बाली नालिहरुको जैविक विविधता संरक्षण, संवर्द्धन तथा उपयोग सञ्चालन गरिनेछ । परम्परागत र प्राकृतिक तथा पोषणयुक्त खाद्यान्न बालीको खेती विस्तार गर्दै व्यवसायिकरण गरिनेछ ।



CamScanner

- सिंचाई सुविधा नपुगेका कृषि भुमिमा साना सिंचाईको प्रबन्ध मिलाईनेछ ।
- **"स्वस्थ माटो, स्वच्छ बाली"** अभियान मार्फत माटोको अम्लियपन, क्षारियपन तथा विविध सुक्ष्म तत्वहरुको मात्रा परीक्षण गरी माटो सुधारको लागि सामग्री तथा प्रविधि हस्तान्तरण गरिनेछ, साथै रोग किराको पहिचान र निवारण गरिनेछ ।
- **"रैथाने बालीको उत्पादन तथा उपभोग गरी, खाद्य र पोषण सुरक्षा गरौं"** भने नाराका साथ स्थानीय बालीको उत्पादन र स्वच्छ तथा गुणस्तरयुक्त खाद्यवस्तुको उपभोगमा सबै वर्गको पहुँच सुनिश्चित गरी दिगो, समतामूलक र समानुकुलित खाद्य प्रणालिको विकास गरिनेछ ।
- **"बाली बीमा"** निशुल्क बनाई बीमा प्रिमियममा सहुलियत प्रदान गर्दै कृषि उत्पादनमा हुन आउने क्षतिपुर्तिलाई न्युनिकरण गरिनेछ ।
- कृषकको खेत बारीमा उब्जेका कृषि उपजहरूलाई संकलन केन्द्रमा सहकारीसंगको साझेदारीमा बजारीकरणको व्यवस्था गरिनेछ ।
- फौजी किरा, सलह किरा र विभिन्न महामारी प्रकोपबाट उत्पन्न हुने जोखिम न्यूनिकरणका लागि आकस्मिक बाली उपचार शिविर कार्यक्रम सञ्चालन गरी कृषि उपजको संरक्षण गरिनेछ ।
- अकबरे खुर्सानी, केरा, सुन्तला, किवि, कफि, कागती, खाद्यान्न बालीको उन्नत बीउ लगायतका बजारमा माग बढी भएका खाद्यान्न बाली, तरकारी तथा फलफूलका बीउ/बेर्ना वितरण गरी व्यवसायिक खेतीका लागि उत्प्रेरित गरिनेछ ।
- रासायनिक मलमा सबै कृषकको पहुँच पुर्याउने गरि वितरण प्रणाली सुदृढ गराईनेछ र ढुवानीमा अनुदान दिई सस्तो मुल्यमा मल उपलब्ध गराईनेछ ।
- मौरी उत्पादन तथा पुष्प व्यवसाय प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्र उत्पादन हुँदै आएका विभिन्न तरकारी तथा फलफूललाई कोल्ड स्टोरमा भण्डारण गरि Value Add को नीति अवलम्बन गरिनेछ ।
- पालिकाको भुगोल अनुसार मास, मसलाबाली, अकबरे खुर्सानी, तोरि र गहुँ प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ ।
- कृषक पाठशाला कार्यक्रम सञ्चालन गरि आम कृषकलाई खेति प्रविधिको बारेमा जानकारी दिईनेछ ।

**(ख) पशुः**

- विदेशबाट फर्किएर रोजगार गुमाएका युवा तथा बेरोजगार युवाहरूलाई लक्षित गरी पशुपालन पेशामा आकर्षण गर्न उत्पादन प्रतिफलमा आधारित अनुदान सहितको कार्यक्रम सञ्चालन गरिनेछ।
- पशुपालनलाई व्यवसायिलाई आय आर्जन तथा रोजगारीको प्रमुख आधारका रूपमा विकास गरिनेछ।
- उन्नत नश्लका पशुहरुको विकास गर्न पशु नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।



CamScanner

- कृषि तथा पशुपंक्षीको व्यवसायिकरणको लागि साना तथा मझौला कृषि तथा पशुपन्छी फर्म स्थापना गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। त्यस्ता फर्महरू पालिकामा दर्ता गर्न प्रेरित गरिनेछ।
- कृषकहरूको क्षमता विकास तथा नयाँ प्रविधको बारेमा जानकारी दिनको लागि विभिन्न किसिमको तालिम, अन्तक्रिया, गोष्ठी, दिवस, प्रर्दशनी र अध्ययन अवलोकन जस्ता कार्हरू सञ्चालन गरिनेछ।
- पशुपालनलाई प्रवर्द्धन गरी विशेषत बाख्राको स्रोतकेन्द्रको रूपमा विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिनुका
- साथै पशु पन्छी सेवा कार्यक्रमलाई सहयोग गर्न पशु चिकित्सक सेवा उपलब्ध गराइनेछ।
- पशुपक्षीमा लाग्ने रोगलाई समयमा नै पहिचान गरी क्षतीलाई न्यूनीकरण गर्न रोगको अन्वेषण, नमूना सङ्कलन तथा प्रेषण गरिनेछ।
- अति गरिब, विपन्न, स्रोत विहिन परिवारहरूको पहिचान गरी आय आर्जनका लागि विभिन्न जातका पशुपंछीहरू वितरण गरिने व्यवस्था मिलाइनेछ।
- पशुपालन गरिरहेका कृषकहरुले प्रत्यक्ष महशुस गर्ने गरी आवश्यकता अनुसार पशुपंक्षी उपचार तथा परामर्श सेवा, बिमा जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- दुध उत्पादक कृषकहरूलाई राहतको लागि दुध संकलन केन्द्र स्थापना गरिने व्यवस्था मिलाइनेछ।
- प्रदेशसंगको सहकार्यमा जुनोटिक र महामारीजन्य पशुपंक्षी रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि वृहत खोप कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।
- पशु आहाराको सुधारबाट पशुजन्य उत्पादन वृद्धि गर्न भौगोलिक वातावरण अनुसार फस्टाउन सक्ने उन्नत जातका भुई तथा डाले घाँस उत्पादनमा जोड दिईनेछ।

ग) सिंचाई:

- खेतीयोग्य उर्वर जग्गामा उत्पादकत्व वृद्धिमा सहयोग पुऱ्याउन सिंचाई नपुगेका लक्षित गरि साना सिंचाई कार्यक्रमहरूलाई विशेष प्राथमिकताका साथ अगाडि बढाउनका साथै ठूला र मझौला प्रकृतिका सिंचाई आयोजनालाई तहगत सरकारको सहलगाउनीमा निरन्तरता गरिनेछ।
- परम्परागत कुलाहरूलाई सहलगानीमा मर्मत तथा संभार गरी प्रयोगमा ल्याई कृषि उत्पादन बढाउन जोड दिईनेछ।
- सिंचाई प्रबर्द्धन गर्न आवश्यक बोरिङ्ग तथा लिफ्टिङ्ग सिंचाईको व्यवस्थापन गरी खेतीयोग्य जमिनमा सिंचाईको प्रबन्ध गरिनेछ।

घ) उद्योग, सहकारी र पर्यटन:

- स्थानीय स्तरमा उपलब्ध हुने जडिबुटीजन्य कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्न घरेलु उद्योगको स्थापनामा विशेष जोड दिइनेछ।
- गाउँपालिकाभित्र सञ्चालित सबै प्रकारका उद्योग, व्यवसायहरूलाई दर्ता प्रक्रियामा आवद्ध गरिनेछ।
- कालो बजारी नियन्त्रण, अवैध वस्तु बिक्री वितरणलाई नियन्त्रण गरी उपभोक्ता हितलाई संरक्षण गर्नका लागि अनुगमन प्रणालीलाई नियमित र व्यवस्थित गरिनेछ।
- सबै व्यवसायीहरूलाई गाउँपालिकाको विकासमा मेरो लगानी भन्ने भावना सहित स्वतस्फुर्त रूपमा कर तिर्ने वातावरण सृजना गर्न सबै व्यवसायहरूको दर्ता प्रक्रियालाई अभियानको रूपमा निरन्तरता गरिनेछ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनुका साथै सीप प्राप्त उद्यमीको स्तरोन्नतिका लागि पुनर्ताजगी र एडभान्स सीप विकास तालिम निरन्तरता गरिनेछ।
- गाउँपालिका स्थापित होमस्टेलाई पुर्वाधर विकासमा जोड दिईनेछ।
- यस क्षेत्रको पहिचानको रूपमा रहेको कौरा नाच, पँचेबाजा, सोरठी, झयाउरे, लाखे, चुटका, घाटु, भजन कृतन जस्ता मौलिक सांस्कृतिक संरक्षणका लागि पहल गरिनेछ।
- स्थानीय स्तरीय भाषा, कला, सस्कृति सम्बन्धि सम्पूर्ण क्रियाकलापहरूलाई व्यवस्थित गर्न घिरिङ क्षेत्रका स्थानीय सस्कृतिक संस्थाको समन्वयमा प्रवर्द्धन तथा स्रष्टाको सम्मान र नव प्रतिभालाई प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- धार्मिक पर्यटन प्रवर्द्धनका लागि घिरिङद्वारा मठ, मन्दिर, गुम्बा, चर्च क्षेत्रलाई धार्मिक केन्द्रका रूपमा विकास गर्न साथै धार्मिक परिसरको पुरातात्विक महत्वका वस्तुहरूको संरक्षण, संवर्धन र खोजका लागि पुरातत्व विभागसँग समन्वय र सहकार्य गरिनेछ। यसै गरी निर्माणधीन मठ, मन्दिर, गुम्बा, चर्च प्रदेश सरकारको सहकार्यमा निर्माण गरिनेछ।
- सहकारी अभियान मार्फत समुदाय स्तरमा रहेका सहकारीहरू प्रवर्द्धन गरी युवा स्वरोजगार कार्यक्रमलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्धता कायम गरी रोजगारी सिर्जनामा विशेष पहल गरिनेछ।
- सहकारी संस्थाहरूलाई सहकारीको मुल्य-मान्यता र सिद्धान्तको अनुसरण गर्न गराउन संस्थागत विकास तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। सहकारी अनुगमन नियमनलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ।
- सहकारी संस्थाहरुमा संस्थागत सुशासन, लगानी सदुपयोग र सुरक्षाको अनुभूति गराउँदै संस्थाहरूलाई उत्पादन र श्रमको क्षेत्रमा केन्द्रित गराउने नीति अंगिकार गरिनेछ।
- सहकारी संस्थाका पदाधिकारी, शेयर सदस्य र कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रियाहरु सञ्चालन गरी नेतृत्वदायी भूमिकालाई अगाडि बढाइनेछ।
- सहकारी संस्था सम्बन्धी आवश्यक पर्ने स्थानीय ऐन, कानून, नियमावली, नीति, मापदण्ड निर्माण र संस्थाको कार्यान्वयन तथा नियमन गर्ने कार्यलाई प्रभावकारी बनाइनुका साथै सर्वसाधरणको बचत जोखिम न्यूनिकरणका लागि सरोकारबालाहरुसँगको सहकार्यमा आवश्यक नीति तर्जुमा गरिनेछ।

CamScanner

- सहकारी सम्बन्धी ऐन तथा मापदण्ड आवश्यकता अनुसार परिमार्जन गर्न सरोकारवालासँग छलफल तथा परामर्श गरिनेछ ।
- गाउँपालिका भित्र रहेका (स्थानीय तथा प्रदेशस्तरीय नियामक) निकाय रहेका सहकारीहरुलाई प्रविधि मैत्री बनाउन तथा व्यवस्थापन गर्नका लागि प्रविधिमा आधारित कार्यक्रम तथा तालिम संचालन गरिनेछ ।
- जनताको निक्षेप सुरक्षणका सम्बन्धमा गाउँपालिका भित्र रहेका सबै सहकारीको अवस्थाको मूल्यांकन गरी समस्या उन्मुख बनाउनका लागि प्रेरित गरिनेछ ।
- पर्यटकीय गन्तव्यको पहिचान गरी होम स्टेको विकास र सम्वर्द्धन गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।
- पर्यटकीय स्थलको रूपमा पहिचान भएको घुमाउने तालको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- लक्षित वर्ग दलित, जनजाती, महिला, जेष्ठ नागरिक, युवा, अपाङ्गता भएका र अल्पसंख्यक व्यक्तिहरूका लागि जीवनस्तर उकास्न आयआर्जनामा आधारित सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- काली गण्डकीमा र्‍याफटिङ सञ्चालन गर्न गराउन र आग्ला डाँडामा प्याराग्लाईडिङ पहल गरिने छ ।
- बानीमाई, च्यापुलकोट साम्भुङ, कोट साम्भुङ, कालाभैरव, घिरिङ कोट, ढकोट नाहु गजरकोट, डाँडाबोर, छतिसा देवीको संरक्षण सम्वर्धन गरी पर्यटकिय स्थलको रूपमा प्रवर्द्धन गरिने छ ।

❖ **सामाजिक क्षेत्र:**

**क) शिक्षा:**

- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पछाडि परेका विद्यालयहरुलाई शैक्षिक पूर्वाधार, नवीनतम् शैक्षिक सामग्री, सूचना प्रविधि र तालिममा सहयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षा अभियानमा सबैको पहुँच सुनिश्चित गर्न गाउँपालिकाभित्रका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षादेखि आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको पहुँच सुनिश्चित गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ प्रधानाध्यापक शिक्षक तथा कर्मचारीहरुको लागि आवश्यकतामा आधारित तालिम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्न विद्यालय समुदाय तथा स्थानीय तहको सहकार्यमा जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै विद्यार्थी संख्या कम भएका विद्यालय तथा कक्षा समायोजन गरी उक्त विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान गरिनेछ ।
- शैक्षिक पहुँच विस्तारका लागि सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता शिक्षा, निरन्तर शिक्षा र सिपमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षक, विद्यालय कर्मचारी, विद्यार्थी र अभिभावक समेतको आचारसंहिता बनाई कार्यान्वयन गरिनेछ । विद्यालय वडा तथा टोल स्तरमा "अभिभावक शिक्षा कार्यक्रम" लाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

CamScanner

- विभिन्न अतिरिक्त क्रियाकलापहरुको माध्यमबाट विशिष्ट कला र क्षमता भएका बालबालिका तथा किशोरकिशोरीका लागि **"विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम"** सञ्चालन गरिनेछ ।
- गाउँपालिकास्तरीय शैक्षिक क्यालेण्डर निर्माण गरी विद्यालयहरुलाई अनिवार्य रुपमा **"शैक्षिक क्यालेण्डर"** लागू गर्न प्रोत्साहित गरिनेछ ।
- UWS संस्थासँगको साझेदारीमा "आधारभूत तहको शैक्षिक उन्नयन कार्यक्रम" सञ्चालन गरिनेछ ।
- शिक्षकहरुको कक्षा अवलोकन र उपलब्धि मापन गर्न विषयविज्ञ समूह गठन गरी परिचालन गरिनेछ । विज्ञ समूहको अवलोकनबाट विद्यालय एवम् शिक्षकको सिकाइ उपलब्धिको मापन गरिनेछ ।
- विद्यालयको अनुगमनलाई प्रभावकारी बनाउन वस्तुगत अनुगमन कार्यसूची तयार गरी कार्यान्वयन गरिनेछ । अनुगमन प्रतिवेदन र विज्ञ समूहबाट भएको सिकाइ उपलब्धिको मापनको आधारमा "उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यार्थी छनौट गरी पुरस्कृत गरिनेछ ।
- विद्यालयको दिवा खाजा व्यवस्थित गर्न एवम् समग्र शैक्षिक गतिविधिको नियमित अनुगमन र सुधारको लागि वडा अध्यक्षको नेतृत्वमा रहेको वडा अनुगमन समितिलाई क्रियाशिल गराइनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुको महिनावारी चक्रलाई व्यवस्थित गरी उनीहरुको सिकाइ कार्यमा नियमितता दिन आवश्यक स्यानिटरी प्याडको व्यवस्था गरिनेछ ।
- विद्यालय तहमा अध्ययनरत सबै बालबालिकालाई "निःशुल्क पाठ्यपुस्तक" को व्यवस्था गरी सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरिनेछ ।
- जलदेवी सिकाई अध्ययन केन्द्रलाई प्रभावकारी बनाई लगिनेछ ।
- नेपाल सरकारको चालु आवको बजेटमा घोषणा भए बमोजिम बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको तलबमा गाउँपालिकाबाट प्रदान गरिएको रकमलाई निरन्तरता दिइनेछ ।
- **"नमुना विद्यालय विकास कार्यक्रम"** मार्फत पालिकाभित्रको एउटा विद्यालयमा भएका अनुकरणीय अभ्यासलाई अन्य विद्यालयमा हस्तान्तरणको वातावरण सिर्जना गरी शिक्षा क्षेत्र सुदृढ हुने गरी कार्यान्वयन गरिनेछ।
- शिक्षण पेशाको पवित्रता, निष्ठा, श्रद्धा र व्यावसायिकतालाई सम्मान गर्ने वातावरण तयार गरी शिक्षण पेशालाई मर्यादित र सम्मानित पेशाको रुपमा स्थापित गरिनेछ ।
- गाउँपालिका क्षेत्रको समग्र शैक्षिक व्यवस्थापनलाई नीतिगत समन्वय, विद्यालय व्यवस्थापनका मापदण्ड निर्धारण र अनुगमन, मूल्याङ्कनमा समेत सहयोग गर्न गाउँपालिकास्तरीय विद्यालय व्यवस्थापन समिति सञ्जाल गठन गरिनेछ । साथै यस गाउँपालिकाको **"गाउँ शिक्षा क्षेत्र योजना"** को कार्यान्वयन गरिनेछ ।
- बालविकास कक्षाहरुका लागि बालमैत्री सिकाइ सामग्रीहरुको व्यवस्थापन गरिनेछ । बालबालिकाको बसाई व्यवस्थापनका लागि कक्षाकोठा व्यवस्थापन गर्ने कार्य गरिनेछ ।
- **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने नारालाई आत्मसाथ गर्दै विद्यालय तहबाटै विभिन्न विधाको खेलकुदको अभ्यास र व्यावसायिक खेलाडीको उत्पादन गरिनेछ । अन्तरविद्यालयस्तरीय "राष्ट्रपति

करमाया

रनिङशिल्ड खेलकुद प्रतियोगिता" लाई निरन्तरता दिइनेछ ।यसका साथै "अध्यक्ष कप खेलकुद प्रतियोगता" सञ्चालन गरिनेछ ।

- घिरिङ गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न खेल प्रशिक्षक र खेलाडीहरुलाई जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताहरुमा भाग लिन प्रोत्साहन गरिनेछ । उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई सम्मान तथा पुरस्कृत गरिनेछ।
- "गौरवपूर्ण घिरिङ गाउँपालिका, युवाको अनिवार्य सहभागिता" भन्ने मुल नाराका साथ वडास्तरीय तथा गाउँपालिकास्तरीय युवा सञ्जाल गठन गरिनेछ । बालबालिका तथा युवा लक्षित कार्यक्रम सञ्चालन र समन्वयका लागि युवा फोकल पर्सन तोकिनेछ ।
- गाउँपालिकाको पूर्वाधार विकास, नेतृत्व विकास, समाज सेवा, फोहोर व्यवस्थापन, विपद् व्यवस्थापन, दुर्व्यसनी विरुद्ध सचेतना, योजना अनुगमन जस्ता कार्यमा युवा सञ्जालका प्रतिनिधिलाई सहभागी गराइनेछ ।

**ख) स्वास्थ्य:**

- नेपालको संविधान २०८२ ले हरेक नेपालीहरुलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने कुरालाई आत्मसाथ गर्दै घिरिङ गाउँपालिकाको सम्पूर्ण नागरिकहरुलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क रुपमा प्रदान गरिनेछ । र स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकारको प्रयोग गरी स्थानिय स्वास्थ्य सेवा ऐन, स्थानिय स्वास्थ्य सेवा नियमावली र स्थानिय स्वास्थ्य निति समेत निर्माण गरी सोहि वमोजिमको कार्य अगाडी वढाइने छ ।
- हरेक स्थानिय तहमा ५/१०/१५ शैयाको आधारभुत अस्पताल स्थापना गर्ने संघिय सरकारको निति अनुरुप हाम्रो यस घिरिङ गाउँपालिकामा १० शैयाको अस्पताल गरि निर्माण कार्य अगाडि बढाइने छ।
- वालवालिकाहरुको खोप पाउने अधिकार सुनिश्चित गर्नका लागि स्वास्थ्य संस्थावाट प्रदान गरिने नियमित खोप सेवालाई सम्पुर्ण वालवालिकाहरुको सर्वसुलभ पहुँचमा पुर्याईनेछ । पुर्ण खोप दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती सेवा लिन आउने सम्पुर्ण सुत्केरी महिलाहरुलाई नेपाल सरकारले विनियोजन गरेको यातायात खर्च रकम रु. २,०००/- (अक्षरुपी दुई हजार रुपैंया) र गर्भवति परिक्षण प्रोत्साहन भत्ता रु. ८००/- (अक्षरुपी आठ सय रुपैंया) लाई यथावत राख्दै स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी हुने महिला लाई दिइदै आएको पोषण प्रोत्साहन रकम रु. २,०००/- निरन्तरता दिइने छ ।
- परिवार नियोजन सेवा अन्तर्गत परिवार नियोजन सेवालाई थप सुदृढिकरण गर्नका लागि स्थायी बन्ध्याकरणलाई थप बढवा दिई लामो समयसम्म जन्मान्तरका लागि प्रयोग गरिने परिवार नियोजनको अस्थायी साधनहरुको लागि स्याटालाइट क्लिनिक संचालन गरि सेवा उपलब्ध गराइनेछ । यसका लागि आवश्यक पर्ने वजेट विनियोजन गरिने छ ।
- हरेक नागरिकको स्वास्थ्य सेवालाई ध्यानमा राखि स्वास्थ्य संस्था वाट पहुँच टाढा रहेका बस्तिहरुमा नियमित रुपमा गाउँघर क्लिनिक तथा खोप क्लिनिक संचालन गरिने छ । जसका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्नका लागि वजेट विनियोजन गरिने छ ।
- हरेक नागरिकको स्वास्थ्यलाई मध्येनजर गर्दै विशेषज्ञ सेवा सहितको वृहत स्वास्थ्य शिविर प्रत्येक स्वास्थ्य संस्थामा वर्षको एक पटक गरिने छ । यसका लागि आवश्यक पर्ने वजेट विनियोजन गरिने छ ।

CamScanner

- महिलाहरूको पाठेघर खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तनको क्यान्सर जस्ता रोगको पहिचान गर्नको लागि स्क्रिनिङ शिविर संचालन गरिने छ। जसका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिने छ।
- निशुल्क रूपमा उपलब्ध हुने औषधिहरू कुनै पनि स्वास्थ्य संस्थामा अभाव हुन दिइने छैन। यसका लागि आवश्यक बजेट विनियोजन गरिने छ।
- आयुर्वेदिक तथा होमियोप्याथिक उपचार प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाई सेवा विस्तार गरिने छ। जसका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
- ६० वर्ष उमेर पुगेका वा २० वर्ष भन्दा बढि सेवा अवधि पुरा भई विभिन्न कारणले सेवा गर्न नसक्ने भई सेवा बाट अवकाश हुने राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरूका लागि सम्मानजनक बिदाई स्वरुप प्रदान गर्दै आएको रकम रु. ३०,०००/- (अक्षरुपी तीस हजार रुपैया) लाई निरन्तरता दिइने छ। म.स्वा.से. ले मासिक प्रतिवेदन पेश गर्न आउँदा दिइदै आएको यातायात खर्च रकम रु. १,०००/- (अक्षरुपी एक हजारका) लाइ निरन्तरता दिइने छ। सोको लागि आवश्यक बजेट विनियोजन गरिने छ।
- सुरक्षित मातृत्व सेवा कार्यक्रम अन्तर्गत सुत्केरी सेवालाई थप प्रभावकारी तथा व्यवस्थित गराउनका लागि स्वास्थ्यकर्मीको मनोबल बढाउन प्रति सुत्केरी खाजा खर्च रकम रु. ५००/- (अक्षरुपी पाँच सय रुपियाँ) लाइ निरन्तरता दिइने छ।
- स्वास्थ्य संस्थामा नेपाल सरकारले तोकेको प्रोटोकल अनुसार नियमित गर्भ परिक्षण गर्न आउने महिलालाइ दिइदै आएको पोषण खाद्य सामाग्री वितरण कार्यक्रमलाइ निरन्तरता दिइने छ।
- स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापन कार्यलाइ प्रभावकारी रुपले अगाडि बढाइने छ। जसका लागि लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ।
- गाउँपालिकाको स्वास्थ्य नीति तथा अन्य कार्यविधिहरू निर्माण गरिनेछ। सोको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- ७० वर्ष उमेर पुगेका जेष्ठ नागरीकको लागि घरमै पुगेर स्वास्थ्य परीक्षण गर्न घर दैलोमा जेष्ठ नागरीक स्वास्थ्य परीक्षण कार्यक्रम लागु गरिने छ।
- स्वास्थ्य व्यवस्थापन, आपुर्ति व्यवस्थापन लगायत स्वास्थ्य कार्यक्रमलाइ आवश्यकताको आधारमा डिजिटल प्रविधिमा आधारित सुचना प्रणालीहरु मार्फत तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन प्रयोग गर्न सबै स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि गरिन्छ।
- नसर्ने रोगको रोकथाम तथा नियन्त्रण लागि समुदाय स्तरमा स्क्रिनिङ तथा सचेतना कार्यक्रम संचालन गरिने छ।
- आमा सुरक्षा र प्रजनन स्वास्थ्य सेवा लाइ अभिवृद्धि गर्न तथा Zero home delivery को अवधारणा अवलम्बन गर्दै संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रमलाइ निरन्तरता दिइने छ।

सरमाया

10

- आधारभुत स्वास्थ्य प्रभावकारीताको लागि स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि, सहयोगात्मक सुपरिवेक्षण, अनुगमन तथा मुल्यांङ्कन साथै उत्कृष्ट स्वास्थ्य संस्थालाइ पुरस्कृत गर्ने कार्यक्रम संचालन गरिने छ ।
- सबै स्वास्थ्य संस्थाको न्यूनतम सेवा मुल्याङ्कन गरि सो को नतिजाको आधारमा स्वास्थ्य संस्थाको गुणस्तर सुधार गरिनेछ ।
- साभुङ हटिया स्वास्थ्य चौकिमा प्रयोगशाला सेवा विस्तार गरिनेछ । सोको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- निशुल्क दन्त परिक्षण, बृहत स्वास्थ्य शिविर, आँखा उपचार शिविर जस्ता उपचारात्मक प्रकृतिका स्वास्थ्य शिविरहरू सरकारी तथा गैहसरकारी संघ संस्थाको साझेदारी तथा समन्वयमा संचालन गरिनेछ ।

ग) खानेपानी तथा सरसफाई:

- स्वच्छ खानेपानीमा सबै जनताको पहुँच पुर्याउनका लागि "एक घर एक धारा" कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- थिरिङ बृहत खानेपानी आयोजना निर्माणका लागि विस्तृत योजना निर्माण गरिनेछ र बाँकी भएका अधुरो खानेपानी योजनाहरूलाई सम्पन्न गरिनेछ ।
- निर्माणधीन अवस्थामा रहेका खानेपानीका ग्राविभिटी तथा लिफ्टिङ्ग योजनाहरूलाई सम्पन्न गर्न संघ तथा प्रदेश सरकारसंग सहकार्य र समन्वय गरिनेछ ।
- फोहोर मैला व्यवस्थापनलाई ध्यान दिँदै सबै शिक्षण संस्था, स्वास्थ्य संस्था बजार क्षेत्र र सार्वजनिक क्षेत्रमा फोहोर व्यवस्थापनको प्रबन्ध गरिनेछ ।

घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:

- महिलाहरूको सक्रिय सहभागितामा स्थापना हुने र सञ्चालनमा रहेको लघु उद्योगहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- लैङ्गिक हिंसा निवारण तथा तत्काल उद्धार राहत कोष सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाई उक्त कोष सञ्चालन सम्बन्धी कार्यविधि बनाई अगाडि बढाइनेछ जसबाट लैङ्गिक हिंसामा परेका व्यक्तिहरू प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् ।
- महिलाहरूलाई आत्मनिर्भर बनाउन सशक्तिकरण गरी आवश्यक सीपमूलक तालिमहरू प्रदान गरिनेछ ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, विभेद तथा असमानतालाई उजार गरी समानता तथा समतालाई अंगिकार गर्दै अगाडि बढ्ने नीति लिइने र नीति निर्माणका हरेक तहमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा दर्ता तथा नविकरण भएका आमा समुह मध्येबाट प्रत्येक वडामा पर्ने गरी एक आमा समुह एक लघु उद्यम कार्यक्रमलाई उच्च प्राथमिकताका दिइनेछ ।

- सामाजिक कुरीति कुसंस्कार तथा जातिय विभेद तथा छुवाछुतलाई व्यावहारिक रुपमा अन्त्य गर्न गाउँपालिकाको नेतृत्वमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।
- आदिवासी, जनजाति, दलित, अपाङ्गता, द्वन्द्व पीडित, एकल महिला, ज्येष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, युवा तथा बालबालिका लक्षित कार्यक्रमहरू सञ्चालनका लागि निरन्तरमा दिइने छ ।

**ङ) दलित, जनजाति तथा अल्पसंख्यक:**

- सीप, क्षमता र दक्षता अभिवृद्धि गरी आयआर्जनमा वृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- सामाजिक विभेद विरुद्धको जनचेतनाको लागि प्रभावकारी अभियान संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- दलित, अल्प संख्या लगायत अन्य पिछडिएका समुदायको परम्परागत सीप र पेशलाई आधुनिकीकरण गरी उनीहरूको स्वरोजगार तथा आयआर्जनमा टेवा पुर्‍याइनेछ ।
- लैंगिक हिंसा निवारण कोषको स्थापना गरी समाजमा लैंगिक आधारमा हुने भेदभाव तथा हिंसाजन्य गतिविधिलाई निरुत्साहित गर्न र पिडितहरुको उद्धार, अल्पकालिन बसोवास जस्ता कार्यहरुको लागि प्रयोगमा ल्याईनेछ ।
- कार्यस्थलमा हुने लैङ्गिक हिंसा तथा दुर्व्यव्यवहारलाई न्यूनीकरणको लागि नीतिगत र संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ ।
- राजनैतिक, प्रशासनिक, सामाजिक, आर्थिक क्षेत्रमा महिला, दलित र जनजातिहरुको सहभागीतालाई अभिवद्धि गर्दै सहभागीताको अनुपातलाई वृद्धि गर्न विभिन्न खालका क्षमता विकास सशक्तिकरण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

**च) महिला, बालबालिका तथा जेष्ठ नागरिक:**

- महिला हिंसा तथा महिलालाई गरिने दुर्व्यव्हार रोकी समतामूलक समाजको निर्माण गर्नका लागि हिंसा तथा दुर्व्यवहार प्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्दै अभिमूखिकरण र प्रचारप्रसारका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- बालबालिकाहरूमा हुने शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहार तथा जघन्य अपराध न्यूनिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकासको लागि विशेष प्राथमिकताका साथ विभिन्न कार्यक्रमहरू अगाडि बढाइनेछ ।
- बाल विवाह विरूद्ध सचेतनामूलक एवम् क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- फरक क्षमता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको व्यवस्था गर्न विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ ।

- महिला, बालबालिका तथा जेष्ठ नागरिक व्यक्तिहरूका लागि जीवनस्तर उकास्न आयआर्जन आधारित सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ र वडा वडामा नमूना गाउँ बनाइनेछ।

छ) फरक क्षमता भएका व्यक्तिहरू:

- आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपांगता भएका व्यक्ति, महिला, बालबालिकाको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्थाको निरन्तरता दिईनेछ।
- फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरी परिचय-पत्र वितरण गर्ने कार्यलाई छिटो, छरितो र प्रविधिमैत्री बनाई सेवा प्रवाहमा गरिनेछ साथै अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सामग्री तथा सहयोग कार्यक्रम र मनोसामाजिक परामर्श सेवालाई निरन्तरता दिइनेछ।
- अपाङ्गता भएका व्यक्ति बिरुद्ध हुने भेदभाव अन्त्य गरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्नको लागि नीतिगत र संस्थागत संरचनाको व्यवस्था गरिनेछ।
- फरक क्षमता भएका व्यक्तिहरुको दैनिक जिवनयापनमा सहजता प्रदान गर्न आवश्यक सहायक सामाग्री वितरण गरिनेछ।

ज) युवा तथा खेलकुद:

- गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता संचालनका लागि प्रोत्साहन गरिनुका साथै अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रदेश तथा जिल्ला स्तरीय खेलमा पदक तथा उत्कृष्ट स्थान प्राप्त गर्ने खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ।
- "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" अभियानलाई सार्थक बनाउन गाउँपालिका स्तरीय खेलकुद समितिद्वारा गाउँपालिका भित्र संचालन हुने सबै किसिमका खेलहरुलाई एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ। साथै गाउँपालिकाभित्रका युवाहरूलाई खेलकुदमा प्रोत्साहित गरिनेछ।
- युवा क्लब गठन, नमूना युवा सांसद स्थापना र अभ्यास कार्यक्रमद्वारा युवाहरुको क्षमता विकास तथा उद्यमशिलताको विकास गरिनेछ।
- किशोर अवस्थाका युवा विद्यार्थी वर्गलाई लक्षित गरी लागु पदार्थ दुर्व्यसनमुक्त गर्न सुधारात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

झ) रोजगारी:

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसँग सम्बन्धित अन्य कार्यक्रमसँग आवद्ध गरी कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई अभियानको रूपमा कार्यान्वयन गरिनेछ।
- रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउन आयोजनाहरुको निर्माण श्रममूलक प्रविधिको प्रयोगबाट गरिनेछ।

- रोजगारी सृजना तथा आयआर्जन र उत्पादनमुलक कार्यका लागि सम्बन्धित निकायहरु सँग आवश्यक समन्वय, साझेदारी र सहकार्य गरिनेछ।
- वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित एवं भरपर्दो बनाउन वैदेशिक रोजगारमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको अनलाइन आवेदन एवं वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गर्ने कार्य गरिनेछ।
- नागरिकलाई न्युनतम रोजगारीमा संलग्न गराउन, श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन गराउन साथै भेदभाव न्यूनिकरण गर्न श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिनेछ।
- रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, ढाँचा तथा विधिहरुको विकास गरी आवश्यक सुझाव दिन रोजगार संवाद मञ्चको गठन तथा सञ्चालन गरिनेछ।
- स्थानीय रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयन तथा आन्तरीक रोजगार प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गरी क्रमश औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न पहल गरिनेछ।
- रोजगार योग्य क्षमता विकासको लागि कार्यस्थलमा आधारित सीप क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम संचालन गरिनेछ।

**ख) सुरक्षित आप्रवासन (सामी) कार्यक्रम**

- सुरक्षित आप्रवासन कार्यक्रम संचालन सम्बन्धी कार्यविधी बनाएर कार्यपालिकाबाट पारित गरि कार्यान्वयन गर्ने।
- सुरक्षित वैदेशिक रोजगारको वातावरण सिर्जना गर्न **"सकभर स्वदेशमै रोजगारी गरौ यदि विदेश जानु नै पर्ने भए विदेशमा काम लाग्ने खालको सहि सुचना, सीप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाउ"** भन्ने मुल नारालाई आत्मसाथ गरिनेछ।
- सुरक्षित आप्रवासन कार्यक्रमलाई संघ, प्रदेशसँग सहकार्य संचालन गरिनेछ। वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरु (औषधि उपचार सहयोग, छात्रवृत्ति सहायता, उद्धार तथा खोजतलास सेवा, कानुनी प्रतिरक्षा सहायता, हकवालालाई आर्थिक सहायता प्रदान आदि) बोर्डसँगको समन्वयमा गरिनेछ।
- वैदेशिक रोजगारीमा जान चाहने युवायुवतीलाई लक्षित गरी समुदाय स्तरको गहन अभिमुखिकरण कार्यक्रमलाई बस्तीस्तर सम्म पुराईनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोगका गरी आर्थिक वृद्दिमा टेवा पुर्याइनेछ। त्यसका लागि आवश्यक कार्यक्रम तथा नीतिको व्यवस्था गरी प्रधानमन्त्री रोजागार कार्यक्रम, कृषि सेवा, पशु सेवा र उद्यम बिकास कार्यक्रमसँगको समन्वयमा एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ।

- समुदायमा देखापर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखीम न्यूनीकरण तथा व्यवस्थापनको लागि विद्यालयमा र समुदायस्तरमा स्वास्थ्य संस्थाहरुको समन्वयमा मनोसामाजिक परामर्श कक्षाहरु नियमित रुपमा सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोगका लागि वित्तिय साक्षरता र मनोसामाजिक परामर्श कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।
- स्वास्थ्य नीतिमा आधारित रहेर मानसिक तथा मनोसामाजिक सुस्वास्थ्य नीति र कार्यक्रमहरु तय गर्ने ।

❖ पूर्वाधार क्षेत्र:

क) सडक:

- गत आर्थिक बर्षहरुमा प्रारम्भ गरिएका आयोजनाहरु निरन्तरता दिंदै तोकिएको समय सिमाभित्र सम्पन्न गरिनेछ, अत्याबश्यक बाहेक नया ट्रयाक खोलिनेछैन र सडकको स्तरउन्नति गर्दै लगिनेछ ।
- मुख्य सडकदेखि सबै वडा कार्यालयसम्मको मोटर मार्गलाइ क्रमस कालोपत्रे गरिनेछ ।
- हरेक वडामा गौरबका आयोजना कम्तिमा एक ओटा संचालन गरिनेछ ।
- सबै वडा कार्यालय भवनलाइ पुर्वाधार सम्पन्न सेवामैत्री बनाइनेछ ।
- निर्माण भईसकेको झोलुंगे पुलको संरक्षण, निर्माणाधिन झोलुंगे पुललाइ समयमा नै सम्पन्न गरि थप झोलुंगे पुलको लागि पहल गरिनेछ ।
- गाउँपालिकाको विकास निर्माणको कार्यमा संलग्न हुने निर्माण व्यबसायी, डकर्मी तथा सिकर्मीहरुको सीप तथा दक्षता वृद्धि गर्न क्षमता विकास तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- १० लाख देखि ३० लाख सम्मको आयोजना निर्माणको लागि पहिलो प्राथमिकता उपभोक्ता समितिलाइ हुनेछ, सो भन्दा माथिका योजनाहरु ठेक्का प्रक्रियाबाट सम्पादन गर्ने व्यवस्था मिलाईनेछ र समयमै गुणस्तरीय योजना सम्पन्न गर्ने उपभोक्ता समिति तथा निर्माण ब्यबसायी लाइ पुरस्कृत गरिनेछ ।
- सडक तथा भवन निर्माण मापदण्डलाइ कार्यन्वयनमा ल्याईनेछ ।
- गाइघाट गल्याङ मोटरमार्ग, शालिग्राम करिडोर, कृष्ण मोटर मार्ग निर्माण गर्नका लागि संघिय सरकार तथा प्रदेश सरकारसंग आबश्यक समन्वय गरिनेछ र सि लेबलका सडकहरुको स्तरवृद्धि गरिनेछ ।
- स्थानियस्तरको सिंचाई योजनाको पहिचान गरि निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र बाकी रहेका टोल बस्तिहरुमा यसै वर्ष भित्र विद्युतिकरण सम्पन्न गरि "उज्यालो धिरिङ" अभियानलाइ निरन्तरता दिइनेछ ।
- गाउँपालिका स्तरको खेलमैदान र सभाहल निर्माणको लागि संघिय, प्रदेश सरकार संग समन्वय गरि सम्पन्न गरिनेछ ।
- धिरिङ गाउँपालिका भित्र संचालन भएका योजनाहरुलाई प्राविधिक क्षमता विकास गरि प्रविधियुक्त मापनसहित गुणस्तरयुक्त पूर्वाधार निर्माण गरिनेछ ।

- घिरिङ गाउँपालिका अन्तर्गत कालीगण्डकीमा पक्कि पुल निर्माण भईरहेको लाइ सम्पन्न गर्न र आवश्यक नया पक्कि पुल निर्माणको लागि संघिय र प्रदेश सरकार संग समन्वय गरिनेछ ।
- घिरिङ गाउँपालिका भित्र स्वच्छ खानेपानीको अवधारणा अन्तर्गतको कार्यक्रम एक घर एक धारालाइ सम्पन्न गरिनेछ ।

**ख) बस्ती विकास, शहरी योजना तथा भवन निर्माण:**

- अति बिपन्न नागरिकहरुको सुरक्षित आवासको हकलाइ प्रत्याभूत गराई सुरक्षित आबास निर्माणको व्यवस्था मिलाइनेछ।
- समुदायिक भवन निर्माण गर्दा प्रत्यक वडाहरुमा क्रियाशील टोल विकास समिति, आमा समुह, युवा क्लब लगायत बिभिन्न संघ संस्थाको आ आफ्नो छुट्टा छुट्टै भवन निर्माण नगरी एकिकृत रुपमा बहुउद्देश्यीय प्रयोजनको लागि उपयोग गर्ने र समूहगत आर्थिक सामाजिक गतिबिधिहरु संचालन गर्ने गरि एकिकृत भवन निर्माण कार्य गरिनेछ ।
- गाउँपालिकामा निर्माण गरिने भवन लगाएतका भौतिक संरचनाहरु लैङ्गिक, बालबालिका तथा अपांग मैत्री भूकम्प प्रतिरोधी बनाउनुका साथै भवन निर्माण सम्बन्धि मापदण्ड तथा आचार संहिताको पालनाका साथै सेवाग्राही मैत्री बनाइनेछ र घर कायमको कार्य सम्पन्न गरिनेछ ।

**ग) उर्जा र वैकल्पिक उर्जा:**

- जैविक रुपमा रहेका बायोम्यास, गोबरग्यास लगायतका स्थानिय साधन श्रोतलाइ परिचालन गरि बैकल्पिक उर्जा उत्पादनका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- बैकल्पिक उर्जा प्रवर्दन केन्द्रसंगको समन्वयमा सौर्य सडक बत्तिको कार्यक्रम लाइ संचालन गर्न आवश्यक पहल गरिनेछ।
- मानवीय स्वास्थ्य तथा पर्याबरणीय स्वोच्छता कायम गर्न सुधारिएको चुलो तथा बिधुतीय इन्डक्सन चुलोको प्रयोग गर्ने कार्यलाइ प्रोत्साहन गरिनेछ ।
- बिधुत प्रसारण लाइनको मापदण्ड बमोजिम वरिपरिका रुखहरु कटान गरि बिधुत आपूर्ति सहज र जोखिम न्यूनिकरण गरिनेछ ।
- संघ, प्रदेश सरकार संगको समन्वयमा सोलार सिंचाई योजनालाइ प्रभाबकारी ढंगले अघाडी बढाइनेछ ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन:**

- पहिरो ग्रस्त क्षेत्रमा जोखिमलाई कम गर्नका लागि वृक्षारोपण र पुन निर्माण कायक्रम संचालन गरिनेछ ।
- "स्वच्छ जीवन जिउनका लागि हाम्रो वन" भन्ने नाराका साथ वन व्यवस्थापन र संरक्षणमा स्थानीय समुदायको सक्रिय भूमिका लाई उजागर गर्नका लागि स्थानीय वन समुदायको सहभागितामा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- समुदायलाई जोखिम पहिचान, यसको असर र व्यवस्थापन बिधिहरुको बारेमा बुझाउनका लागि टोल विकास समिति लाई हातेमालो गर्दै तालिम तथा कार्यशाला संचालन गरिने छ ।
- खालि स्थानहरुमा पर्यवरण सन्तुलन कायम गर्नका लागि वृक्षारोपण, ताल तलैया निर्माण, तथा बगैचा निर्माण कार्यको थालनी गरिनेछ ।

- वनका जैविक स्रोतहरुको उचित तरिकाले प्रयोग गर्ने र तिनीहरुको पुनप्राप्तीको सुनिश्चित गर्ने नीति लाई अवलम्बन गरिने छ।
- वन फडानी, आगजनीलाई निरूत्साहित र दण्डनिय बनाईनेछ।
- वातावरण स्वच्छ सफा राख्नको लागि सचेतना कार्यक्रम, महिला आमा समूहलाई उत्प्रेरित गराईनेछ।
- फोहरमैला व्यवस्थापनको लागि आवश्यक कदम चालिनेछ।
- विपद्को मारमा परेका समुदायको पुनस्थापना कार्य गर्नका लागि तत्काल राहत र पुननिर्माण नीति अवलम्बन गरिनेछ।
- सार्वजनिक वन सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको दायित्व भएकोले सो सम्बन्धि जनचेतना दिँदै अगाडि बढिनेछ।
- समृद्धिका लागि वन परियोजना अन्तर्गत नीजी तथा सार्वजनिक जग्गामा कृषि वन प्रणालीमा आधारित वृक्षरोपण गरी जल तथा माटो संरक्षणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पूर्वाधार विकास निर्माण तथा समुदाय लक्षित कार्यक्रमका लागि सामुदायिक वनसँग सहकार्य गरिनेछ।
- मनसुनजन्य विपदको लागि विशेष ध्यान दिई सावधानी अपनाउने, आवश्यक सुरक्षा सामाग्रीको प्रबन्ध मिलाईनेछ। असूक्षित आवासलाई सूरक्षित स्थानमा राखिनेछ।

❖ संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

क) क्षमता विकासः

- टोल विकास संस्था र आमा समूह युवा क्लब लगायत फरक क्षमता भएका र विपन्न वर्गहरुको क्षमता विकास गर्दै उद्यमशिल कार्यक्रमहरुमा लाग्न उत्प्रेरित गरिने छ।
- टोल विकास संस्थाका पदाधिकारी, उपभोक्ता समिति र विद्यालय व्यवस्थापन समितिलाई क्षमता एवं नेतृत्व विकासका अवसर सिर्जना गरिनेछ।
- वडा कार्यालय, स्वास्थ्य संस्थाहरूका लागि आवश्यक एकिकृत सफ्टवेयरको व्यवस्थापन गरिनेछ। कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिको लागि टेक्नोलोजीमा ज्ञान कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कनका कमजोर र सवल पक्षको पहिचान गरी कार्ययोजना निर्माण र कार्यान्वय गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ।

ख) सार्वजनिक जग्गा संरक्षणः

- संविधानत् सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले गाउँपालिका, वडा कार्यालय, विद्यालय, संघ-संस्था लगायतका सार्वजनिक निकायका चल-अचल सम्पत्तिको संरक्षण र संवर्द्धनका लागि विशेष ध्यान दिइनेछ र सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउनेलाई कानूनको दायरामा ल्याई आवश्यक कारवाहीका लागि पहल गरिनेछ।
- भूमिको व्यवस्थित उपभोग गर्नको लागि भूउपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

- गाउँपालिका भित्र रहेको भूमि समस्या समाधन गर्नका लागि भूमि आयोग संगको सहकार्यमा गाउँपालिकाले गर्नु पर्ने लगत संकलन कार्य देखि नापजाँचको कार्य सम्पन्न गरी पुर्जा वितरणको कार्यलाई प्राथमिकता साथ अगाडि बढाइनेछ।

ग) सूचना तथा संचार प्रविधि:

- गाउँपालिकाले सम्पादन गरेका कार्यहरू पारदर्शी बनाउन वेबसाइटमा प्रविष्ट गर्ने कार्यलाई निरन्तरता दिँदै विद्युतिय शासनको महत्वपूर्ण साधनको रूपमा तयार गरिएको घिरिङ गाउँपालिकाको एन्ड्रोइड एप्लिकेसन प्रयोग गरी आम नागरिकमा सूचनाको पहुँच विस्तार गरिनेछ।
- गाउँपालिका प्रविधिमैत्री बनाउन र कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी र गुणस्तरीय बनाउन प्रविधिको प्रयोगमा जोड दिइनेछ।
- सुशासन प्रवर्द्धन गर्नु गाउँपालिकाको मुख्य लक्ष्य रहेको हुँदा उक्त कुरालाई प्रविधिसँग जोडी सूचना तथा संचार प्रविधिको प्रयोगमा समेत सुशासन प्रवर्द्धन गरिनेछ।
- गाउँपालिकाको समग्र कार्यक्रम तथा योजना एवम् प्रगतिहरू आम नागरिक समक्ष पुऱ्याउन गाउँपालिकाको गतिविधि समेटिएको सामाजिक सञ्जाल तथा राष्ट्रिय टेलिभिजन कार्यक्रम सञ्चालन गरिनेछ।
- सूचना प्रविधिलाई यसको उपकरण र सेवाहरुको प्रयोगको स्तरसम्म सीमित नराखी गुणस्तरीय सूचना प्रविधि उपकरण तथा सेवाहरुको खरिद तथा संस्थागत अभिलेख राखी खरिद गरिएका उपकरण तथा सेवाहरुको संरक्षण गर्ने नीति अंगिकार गरिनेछ।
- गाउँपालिका र यस अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा सेवा प्रवाहलाई सहज बनाउनका लागि फ्री वाई फाईको व्यवस्था मिलाईनेछ।
- गाउँपालिकाका सबै वडा कार्यालयहरूमा सिसि क्यमेरा जोडन गरि सुरक्षाको निग्रानी गरिनेछ।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण घरधुरीलाई डिजिटलाईज्ड तरिकाले सूचीकरण गर्न घिरिङ गाउँपालिकाको डिजिटल भिलेज प्रोफाईललाई निरन्तर दिईनेछ।
- कार्यालयका सबै शाखाहरुमा आवश्यक सफ्टवयर जडान गरी कार्यालयलाई प्रविधि मैत्री बनाउँदै कागज विहिन कार्यालय बनाउने प्रयास गरिनेछ।
- गाउँपालिका भित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरुको जानकारी सहितको सामाजिक सञ्जाल तथा राष्ट्रिय टेलिभिजन वृत्तचित्र निर्माण गरी प्रचार प्रसार र प्रवर्द्धन गरिनेछ।
- गाउँपालिकाले आइसिटि पोलिसी तथा फ्रेमवर्कको डिजिटल गाउँपालिकाको कार्य अगाडी बढाउने छ।
- संचालनमा रहेका सूचना प्रविधि जन्य प्रविधिको अधिकतम प्रयोग गर्दै नागरिक सहायता कक्षलाई थप प्रभावकारी बनाइनेछ।

**घ) पेश्की बेरुजु फछ्यौट सम्बन्धी:**

- सार्वजनिक खर्चको मितव्ययितालाई विशेष प्राथमिकता दिदै समग्र देशको आर्थिक अवस्थाको मध्यनजर गरी सार्वजनिक खर्च कम गर्दै चालु खर्च घटाईनेछ र लेखा प्रणाली लाई सूत्र प्रणाली अन्तर्गतको सफ्टवेयर मार्फत व्यवस्थित गर्ने कामलाई निरन्तरता दिइनेछ ।
- चेक मार्फत हुने भुक्तानीलाई डिजिटलाईज्ड गर्दै EFT (Electronic Fund Transfer) मार्फत भुक्तानी प्रक्रियालाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- विविध कारणले विगतदेखि दागित्व सरी आएका पेश्की/बेरुजु रहेकोलाई फछ्यौट गर्ने र घटाउने नीति अवलम्बन गरिनेछ।

**ङ) सेवा प्रवाह:**

- सम्पूर्ण आर्थिक, सामाजिक, भौतिक, सौस्कृतिक लगायत समग्र घिरिङको विकासमा गरेका रचनात्मक, सृजनात्मक र नियमित कामको अपनत्व पूर्ण रुपमा ग्रहण गर्दै एकमुष्ठ संगालोको रूपमा घिरिङ गाउँपालिकाको उपलब्धि मापन वार्षिक श्वेतपत्र प्रकाशन गरिनेछ ।
- स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्नका लागि साधन श्रोतको उपलब्धता मार्फत गुनासो सुनुवाई अधिकारीको प्रभावकारिता अभिवृद्धिमा जोड दिइनेछ ।
- विद्युतीय सेवा, ई-सेवा जस्ता सेवा प्रवाहका लागि मापदण्ड तथा निर्देशिका बनाई अगाडी बनाईनेछ ।
- सेवा प्रवाहलाई चुस्त पारदर्शी एवं जवाफदेही बनाउन घुम्ती सेवा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, स्वत: प्रकासन लगायत अन्य सेवाग्राहीमैत्री कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्र संचालित योजना, कार्यक्रम तथा गाउँपालिका अन्तर्गतका विषयगत निकायहरूको काम कारवाहीलाई प्रभावकारि एवं गुणस्तरीय तुल्याउनका लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई नियमित संयन्त्रको रूपमा विकास गरी पूर्ण क्रियाशिल तुल्याइने छ ।

**च) सुशासन:**

- दिगो बिकासका लक्ष्य हासिल गर्ने गरी सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रम बीच अन्तरआबद्धता कायम गरिनेछ । दिगो बिकासका लक्ष्यलाई स्थानीयकरण गरिनेछ ।
- मुख्य कार्यालयमा एकिकृत हुने गरी ईकाई कार्यालयमा सेवा प्रवाहको एकद्वार प्रणालीको बिकास गरिनेछ । जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाई संयन्त्र व्यवस्था गरी सरकारी सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ ।
- विधिको शासन अवलम्बन गर्दै सबै जनप्रतिनिधि र कर्मचारीहरूलाई आफ्नो काम प्रति जवाफदेही र जिम्मेवारी बनाईनेछ।
- आयोजनाहरूको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा मुल्याङ्कन समितिलाई थप क्रियाशिल गराइ परिचालन गरिनेछ ।
- उपभोक्ता समिति मार्फत साझेदारीमा विकास निर्माण आयोजना सञ्चालन गर्ने नीति थप व्यवस्थित गरिनेछ । ठूला आयोजनालाई प्राथमिकता दिने नीति लिईनेछ र संभव भएसम्म ई-बिडिङ मार्फत ठेक्का प्रक्रिया अगाडी बढाइनेछ ।

CamScanner

- Paper Work कम गरी Digitize बनाउनको लागि आवश्यक स्फटवोयरको प्रयोग गरिनेछ ।
- गाउँपालिका र सबै वडाहरूमा सुझाव पेटीका, गुनासो सुनुवाई पुस्तिका, डिजिटल नागरिक वडा पत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था मिलाई सुशासनको प्रत्याभूति दिलाउन प्रयास गरिनेछ ।

छ) कर्मचारी प्रशासन:

- गाउँपालिका कार्यरत कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मी एवं जनप्रतिनिधिहरू बिच सुमधुर सम्बन्ध कायम गर्न विभिन्न उत्सव, दिवस, समारोहमा मैत्रीपूर्ण खेलकुद र परिचयात्मक तथा शुभकामना आदान-प्रदानका कार्यक्रम सञ्चालन गरिनेछ।
- कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कर्मचारी दरबन्दी संख्याको एकिन गर्दै कार्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सुदृढ बनाईनेछ ।
- कर्मचारीलाई सेवाप्रति लगनशील, जिम्मेवार, उत्तरदायी र कर्तव्य निष्ठ बनाउन दण्ड र पुरस्कारको नीति अवलम्वन गर्दै कर्मचारीको मनोवल उच्च राख्ने नीति लिईनेछ ।
- यस गाउँपालिका भित्र भएका मजदुरहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रक्रिया गर्न कार्यान्वयनमा ल्याइनेछ ।

ज) राजस्व:

- गाउँपालिकाको आन्तरिक आम्दानीको स्रोतको रूपमा रहेको राजस्व संकलनलाई थप प्रभावकारी बनाउन घुम्ती शिविर मार्फत राजस्व संकलन गर्ने कार्यलाई प्रभावकारी रूपमा लागू गरिनेछ ।
- समयानुकुल राजस्व दर र दायरा बढाउदै लक्षय अनुरूपको राजस्व संकलन गरिनेछ ।
- वस्ती वस्तीमा पुगी कर संकलन सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी घुम्ती शिविरमार्फत कर संकलनको अभियान संचालन गरिनेछ ।
- करको दायरामा सम्पूर्ण पेशा व्यवसायीहरूलाई आवद्ध गराउन तथा राजस्व असुलीमा तिव्रता ल्याउन राजस्व अनुगमन सम्बन्धी कार्यविधि निर्माण गरी राजस्व संकलनलाई बढवा दिइनेछ ।
- सफ्टवेयरको मध्यमबाट वडाबाटै असुली भई रहेकोमा सो कार्यलाई थप व्यवस्थित गर्दै करदातामैत्री, प्रविधिमैत्री र प्रभावकारी बनाइनेछ ।
- राजस्वसँग सम्बन्धित कर्मचारीहरूको क्षमता विकास गरि राजस्व प्रशासनलाई सरल, सहज र प्रविधियुक्त बनाइनेछ ।

झ) न्यायिक कार्य सम्बन्धी व्यवस्था:

- विवाद निरुपणको कार्यलाई व्यवस्थित, गैर विभेदकारी र न्याय मूलक बनाउदै सामाजिक न्यायका आधारमा न्याय सम्पादन गरिनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र मार्फत विवाद निरूपण गरी वास्तबिक न्यायको अनुभुति गराईनेछ ।

- न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी न्यायिक सेवालाई प्रभावकारी र परिष्कृत बनाउदै लगिनेछ।
- न्यायिक समिति मार्फत कानुनी साक्षरता कार्यक्रम संचालन गरिनेछ।
- न्याय सम्पादनलाई व्यवस्थित बनाउन कार्यतालिका बनाइ इजलासबाट न्यायिक छलफलको कार्य अगाडि बढाइनेछ।
- न्यायिक समितिबाट सम्पादन गरिने सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी बनाइनेछ।
- न्याय प्रणालीलाई विश्वसनीय बनाउन र सुधार गर्न अध्ययन अनुसन्धानमा जोड दिई न्यायिक समितिको क्षमता अभिवृद्धि गरिनुका साथै न्यायिक समितिको असल अभ्यासको आदानप्रदानका लागि अध्ययन, अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ।
- गरिब, असहाय तथा पछि परेको समुदायको लागि नि:शुल्क कानुनी परामर्शको लागि सहयोग गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
- न्यायिक समितिले सम्पादन गर्न पाउने विवादहरू के-के हुन्, यसका प्रक्रियाको बारेमा जनस्तरमा प्रचार-प्रसार गर्ने कार्यक्रमहरू निर्णाय गरि कार्यान्वयनमा ल्याइनेछ।
- वार्षिक नीति अनुरूप कार्यक्रम कार्यान्वयन एवं सुशासन कायम गर्न आवश्य ऐन, नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण गरिनेछ।

ग) सामाजिक सुरक्षा, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण:

- सामाजिक सुरक्षा भत्ता को सन्दर्भमा, सामाजिक सुरक्षा ऐन-२०७५ (संशोधन सहित), सामाजिक सुरक्षा नियमावली-२०७६ (संशोधन सहित) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७अनुसार थप सहज, सुदृढिकरण गरिने छ। साथै सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट विभिन्न समयमा जारी भएका परिपत्रहरु लाई समेत ध्यानमा राखी आवश्यक कार्य गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण साउन १ गते देखि भदौ मसान्त भित्र गर्न/गराउन आवश्यक सहजिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- पञ्जीकरण तर्फ, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन-२०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली-२०७७ (संशोधन सहित) र विभिन्न समयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट जारी भएका परिपत्र अनुसार व्यक्तिगत घटना दर्ता लाई थप सुदृढीकरण तथा घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा अनिवार्य घटना दर्ता गराउने सम्बन्धि आवश्यक सहजिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यक्तिगत घटना दर्ताको आवश्यकता र महत्त्वबारे आम सर्वसाधारणलाई सचेत गराई शत् प्रतिशत घटना दर्ता को लक्ष्य हासिल गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकामा जम्मा भएका राष्ट्रिय परिचयपत्र वडा वडा कार्यालयमा गई वितरणका लागि शिविर सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वडाले तोकिएको स्थानमा गई वितरण गर्नका लागि निरन्तरता दिईनेछ।

**ट) गैर सरकारी तथा निजी क्षेत्र:**

- राष्ट्रिय एवं अन्तराष्ट्रिय, सामुदायिक एवं गैर सरकारी संघ संस्थासंग विकासमा साझेदारी गर्दै जवाफदेही र मर्यादित बनाउदै पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्न "एन जि ओ डेस्क" स्थापना गरी गाउँपालिका मातहतमा ल्याइने छ ।
- विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई आयोजना तथा कार्यक्रमको स्वरुपअनुसार वास्तविक कार्य नीतिमा परिणत गरिने छ । विकास निर्माणमा जनसहभागिता र निजी क्षेत्रको भूमिका समेत स्थापित गर्दै व्यवहारीक रुपमा लागू गरिने छ ।
- गैर सरकारी संघ संस्थाबाट यस पालिकामा सम्पन्न गर्ने कार्यक्रम प्रगति प्रतिवेदन नियमित पालिकामा पेश र स्वीकृति गर्नुपर्ने व्यवस्था लागु गरिनेछ ।

गाँउसभाका सदस्यज्यूहरु

यी नीति तथा कार्यक्रम प्रस्ताव गर्दा विकासलाई समावेशी र सामाजिक न्यायमा आधारित बनाई सुशासन कायम गर्ने र समृद्ध गाउँपालिका र सुखी गाउँबासीको दिर्घकालीन उद्देश्य प्राप्त गर्ने अठोटलाई केन्द्रमा राखिएको छ । जसबाट यस गाउँपालिकालाई सक्षम गाउँपालिकाको रुपमा विकास गर्न मार्ग प्रशस्त हुनेछ भन्ने मेरो बिश्वास छ ।

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा मार्ग निर्देशन गर्नुहुने पिरिङ गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु र मातहतका कर्मचारीहरु, विभिन्न समयमा अग्रज व्यक्तिहरुले दिनु भएका सुझावहरुलाई पनि नीति तथा कार्यक्रम निर्माणका चरणमा स्मरण गरेको छु । नीति तथा कार्यक्रम छलफलका क्रममा आआफ्नो तर्फबाट सुझाव दिनुहुने पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, बुद्धिजीवी, विषयगत कार्यालयका कर्मचारीहरु, पत्रकार मित्रहरु, सुरक्षा निकायका कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधि, नागरिक समाज, महिला बालबालिका, ज्येष्ठ नागरिक, बुद्धिजीवी र यस गाउँपालिकामा रहनु भएका सबै आमा बुबा, दिदी बहिनी, दाजु भाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस गाउँपालिकाको विकासमा सहयोग पुराउने आम नागरिक, करदाता, सबै विकास साझेदार संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुल्ला सहयोगको अपेक्षा गरेको छु । विभिन्न समस्या र चुनौतिहरुका बाबजुद बस्तुगत यथार्थ धरातलमा उभिएर ती समस्या र चुनौतीहरुको सामना गर्न हामी सबै प्रतिवद्ध र एकतावद्ध भयर, पिरिङ गाउँपालिकाको उज्ज्वल भविष्य निर्माणको लागि प्रतिवद्धता छौं ।